नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)

सिंहदरबार, काठमाडौं

पत्र सङ्ख्याः प्र.सु. ०७९/८०

चलानी नं:

## प्रशासन जर्नल को १३६ औं अङ्कको लागि लेख रचना उपलब्ध गराउनेसम्बन्धी सूचना

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रूपमा प्रकाशन हुने प्रशासन जर्नलको १३६ औं अङ्कका लागि देहायमा उल्लिखित विषयक्षेत्र तथा ढाँचामा ३ हजारदेखि ५ हजार शब्दसम्मको मौलिक, अनुसन्धानमूलक लेख रचनाहरू तथा सार्वजनिक प्रशासनसँग सम्बन्धित पछिल्लो समयमा प्रकाशित पुस्तकको समीक्षा (१ हजार देखि २ हजार शब्दसम्म) **२०७९ भाद्र १५ गतेभित्र** यस मन्त्रालयको प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखामा वा सोको विद्युतीय प्रति **prashasan.journal@mofaga.gov.np** मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

**विषयक्षेत्रहरू**

(क) सार्वजनिक प्रशासन
(ख) सार्वजनिक नीति
(ग) विकास प्रशासन तथा व्यवस्थापन
(घ) आर्थिक तथा सामाजिक विकास
(ङ) शासन प्रणाली
(च) शासकीय सुधार
(छ) सुशासन
(ज) सार्वजनिक सेवा प्रवाह
(झ) सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोच

**लेख रचनाको ढाँचा**

- लेखसार (Abstract)(सङ्क्षिप्त),
- शब्दकुञ्जी (Keywords),
- भूमिका वा विषयप्रवेश,
- विषयवस्तुको विश्लेषणात्मक प्रस्तुति,
- निष्कर्ष,
- सन्दर्भ सामग्री ।

**पुस्तक समीक्षाको ढाँचा**

- पुस्तकको परिचय
- पुस्तकमा समेटिएका मुख्य विषयवस्तुहरू
- नेपालको सार्वजनिक प्रशासनमा पुस्तकको सान्दर्भिकता
- समालोचनात्मक विश्लेषण

**अन्य विषयहरू**

- सन्दर्भ सामग्रीहरू अनिवार्य रूपमा एपीए ढाँचा (APA Style 7th Edition) मा उल्लेख गर्नुपर्नेछ।

फोनः ४२००२९१ फ्याक्सः ४२००३२२ इमेल: info@mofaga.gov.np वेबसाइट: ww.mofaga.gov.np

पत्र सङ्ख्याः प्र.सु. ०७९/८० चलानी नं:

- लेखकको सङ्क्षिप्त परिचय, इमेल, मोबाइल नम्बर, आबद्ध संस्था तथा जिम्मेवारी उल्लेख गर्नुपर्नेछ।
- लेख रचना नेपाली भाषामा भएमा कालीमाटी (वा युनिकोड नेपाली) र अङ्ग्रेजी भाषामा भएमा Times New Roman फन्ट (Font size 12) मा टाइप भएको हुनुपर्नेछ ।
- प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने सम्बन्धी अधिकार सम्पादक मण्डलमा रहनेछ । अस्वीकृत लेख रचना फिर्ता गरिने छैन ।
- उल्लेखित ढाँचामा नभएका, अन्यत्र प्रकाशन भैसकेका, अन्य लेखकको लेख वा प्रकाशित कृतिबाट हुबहु नक्कल गरिएका लेख रचनाहरु प्रकाशन गरिने छैन ।
- यस पत्रिकाको लागि पठाइएका लेख रचना यो अङ्क प्रकाशन नहुँदासम्म अन्यत्र प्रकाशनका लागि दिन पाइने छैन।
- प्रकाशित लेख रचनाका लागि नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

<u>बोधार्थः</u>
श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- वेवसाइटमा सूचना अपलोड गरिदिनुहुन ।

२०७६/०४/०६

(विकास डंगोल)
शाखा अधिकृत

फोनः ४२००२९१ फ्याक्सः ४२००३२२ इमेलः info@mofaga.gov.np वेबसाइटः www.mofaga.gov.np